# लोक सेवा आयोगको
# सूचना

नेपालको संविधानको धारा ७८ को उपधारा (४क) ले दिएको अधिकार प्रयोग गरी बि. सं. २०४१ साल आषाढ मसान्तसम्मको लागि निम्नलिखित पदहरूकालागि लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० र लोक सेवा आयोग (कार्यविधि) नियमहरू, २०२७ समेतको परिधिभित्र रही उम्मेदवारको उपयुक्तता जाँचने कार्यको लागि देहायबमोजिको अधिकार देहायबमोजिम सुम्पने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१ राजपत्र अनंकित चतुर्थ श्रेणी, प्रशासन सेवाका सबै पदहरू पूर्ति गर्दा उम्मेदवारको उपयुक्तता जाँचने अधिकार सम्बन्धित कार्यालय प्रमुखलाई ।

२. राजपत्र अनंकित स्थायी प्राविधिक पदहरू पूर्ति गर्दा उम्मेदवारको उपयुक्तता जाँचने अधिकार देहाय अनुसारका पदाधिकारीहरूलाई:—

(क) राजपत्र अनंकित चतुर्थ र तृतीय श्रेणीका पदहरू सम्बन्धित राजपत्रांकित तृतीय श्रेणीका कार्यालय प्रमुखलाई ।

(ख) राजपत्र अनंकित द्वितीय श्रेणीका पदहरू सम्बन्धित राजपत्रांकित द्वितीय श्रेणीका कार्यालय प्रमुख । विभागीय प्रमुखलाई ।

(ग) राजपत्र अनंकित प्रथम श्रेणीका पदहरू सम्बन्धित राजपत्रांकित प्रथम श्रेणीका कार्यालय प्रमुख । विभागीय प्रमुखलाई । माथि उल्लिखित (क),(ख) र (ग) मा परेका कार्यालय प्रमुखले आफ्नो कार्यालयका राजपत्र अनंकितको विभिन्न श्रेणीका रिक्त पद पूर्ति गर्दा आफूलाई प्रत्यायोजन भएको पदभन्दा मुनिका पदहरूको लागि पनि आफैंले उपयुक्तता जाँच्नु पर्नेछ । तर आफूलाई प्रत्यायोजन नभएको पदका हकमा भने आफ्नै कार्यालयको पद भए पनि आफूभन्दा माथिल्लो तहको सम्बन्धित कार्यालय प्रमुखकहाँ पठाउनु पर्नेछ ।

(घ) काठमाडौं उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला) भित्रका कार्यालयहरूको राजपत्र अनङ्कित सबै प्राविधिक पदहरू र माथि खण्ड (क), (ख) र (ग) मा तोकिएको व्यवस्था अनुसार नपर्ने अन्य सबै राजपत्र अनङ्कित प्राविधिक पदहरू सम्बन्धित विभागीय प्रमुखलाई ।

३. विकास आयोजनामा भर्ना गरिएका अस्थायी कर्मचारीको आयोजना अवधि बढेको कारणले म्याद बढाउनु परेमा पहिलो पटक र पुनः त्यही आयोजना अवधि बढेमा दोस्रो पटकसम्म म्याद थप गर्ने अधिकारः—

(क) राजपत्राङ्कित पदहरूको लागि सम्बन्धित मन्त्रालयका सचिवलाई ।

(ख) राजपत्र अनङ्कित पदहरूको लागि सम्बन्धित विभागीय प्रमुखलाई ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. श्री ५ को सरकारका विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयहरूमा र विभिन्न विकास आयोजनाहरूको राजपत्र अनङ्कित चतुर्थ श्रेणीदेखि राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका प्राविधिक तथा प्रशासन तर्फका योजना अवधिभरको र म्यादी पदहरू पूर्ति गर्दा उम्मेदवारको उपयुक्तता जाँच्ने अधिकारः–

(क) राजपत्राँकित पदहरूको लागि सम्बन्धित मन्त्रालयका सचिवलाई ।

(ख) राजपत्र अनंकित पदहरूको लागि उपरोक्त दफा २ को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेख भए अनुसारका पदाधिकारीहरू वा उक्त खण्डहरूमा उल्लेखित श्रेणीका आयोजना प्रमुखहरूलाई ।

द्रष्टव्यः–

(१) मिति २०३९।४।१ देखि उपरोक्त पदहरूमध्ये देहायका विभागहरूलाई देहायको मितिमा यस आयोगले गरेको अधिकार प्रत्यायोजन सम्बन्धी परिपत्र कायम रहनेछ :–

(क) स्वास्थ्य सेवा विभागलाई मिति २०३९।१।२८ मा गरिएको परिपत्र र

(ख) राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण विभागलाई मिति २०३९।२।११ मा गरिएको परिपत्र।

(२) उपरोक्त बमोजिम वा प्रत्यायोजित अधिकार प्रयोग गर्दा आयोगबाट प्रकाशित "रिक्त पद पूर्ति गर्ने कार्यविधिको निर्देशिका, २०३८", तथा "२०३६ मा प्रकाशित यस आयोगको दिग्दर्शन" र त्यसपछि भएका परिपत्रहरू समेतको पालना गर्नु पर्नेछ ।

(३) यो सूचना विकास समिति ऐन, २०१३ अन्तर्गत गठित विकास समिति, आयोजना र योजनालाई लागू हुनेछैन। विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति, आयोजना र योजनाको हकमा संस्थामा नियुक्ति, बढुवा र विभागीय कारवाही सम्बन्धी यस आयोगको सामान्य सिद्धान्त अनुसार नै हुनेछ ।

(४) संविधानको धारा ७८ को उपधारा (४ क) बमोजिम सुम्पिएको अधिकार प्रयोग गर्ने अधिकारीले यस आयोगले तोकेको शर्त वा नीति निर्देशनको बिपरीत भएको काम कारवाईमा चित्त नबुझ्ने व्यक्तिले सो काम कारवाई भए गरेको मितिले पैंतीस दिनभित्र यस आयोगमा वा यस आयोगले तोकेको अधिकारीसमक्ष उजूरी गर्न सक्ने व्यवस्था लोक सेवा आयोग (कार्यविधि ) ऐन, २०२० को दफा ३ क मा उल्लेख भएको छ । तसर्थ प्रतियोगिताबाट सफल उम्मेदवारको योग्यताक्रमानुसार नामावली प्रकाशित गर्ने सूचनामा चित्त नबुझ्ने व्यक्तिले उक्त म्यादभित्र आयोगमा उजूर गर्न सक्नेछ भन्ने व्यहोरा पनि उल्लेख गर्नु पर्नेछ ।

263

आज्ञाले,
भुवनमान सिंह प्रधान
सचिव
लोक सेवा आयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।